# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०८०/०८१
च.नं.: २०२

मितिः २०८०।०४।२२

श्री सहकारी संस्थाहरु (सबै)
दक्षिणकाली नगरपालिका फर्पिङ।

**विषयः goAML System मा दर्ता तथा रिपोर्टीङ्ग सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल राष्ट्र बैंकको पत्र संख्याः वि.जा.ई./goAML/०८०/८१-०८ को पत्रको प्रतिलिपी यसैसाथ संलग्न रहेको छ। यस नगरपालिकाको नियमन क्षेत्रधिकार भित्रका सहकारी संस्थाहरु (सबै) ले व्यहोरा उक्त पत्रबाट अवगत गर्नु भई माग बमोजिमको विवरणहरु यथाशिघ्र यस नगरपालिकाको सहकारी शाखाको इमेल ( sahakaridakshinkalimun@gmail.com) मा पठाई रिपोर्टिङ गर्ने/गराउने कार्यमा आवश्यक सहयोग गरिदिनुहुनका साथै कोपोमिस सिस्टममा आवद्ध भएका रु ५,००,००,००० (पाँच करोड) वा सो भन्दा माथि कारोवार गर्ने सहकारी संस्थाहरुले अनिवार्य रुपमा यस नगरपालिकाको सहकारी शाखाको ईमेल मार्फत जानकारी गराउन हुन अनुरोध छ।

बोधार्थः श्री सूचना प्रविधि शाखा – सबै सहकारी संस्थाहरुलाई ईमेल गरिदिन हुन र वेब साइडमा राखी दिन हुन अनुरोध छ।

(मधु अर्याल खनाल)
प्रमुख प्रशासकीय अधिकृत

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१०५१५
आन्तरिक ४१५-४१८
फ्याक्स नं.: ४४४१०१५
Site: www.nrb.org.np


श्री सहकारी शाखा
०८०/०४/१६

# नेपाल राष्ट्र बैंक
## वित्तीय जानकारी इकाई

पत्र संख्या : वि.जा.ई./goAML/०८०/८१- ०८

मिति: २०८०/०४/०७

**श्री दक्षिणकाली नगरपालिका**
**सहकारी विभाग, काठमाडौं।**

दक्षिणकाली
दर्ता नं.: ५६८
४१६

बिषयः- goAML System मा दर्ता तथा रिपोर्टिङ्ग सम्बन्धमा।

महाशय,

उपरोक्त सम्बन्धमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी ऐन अर्न्तगत संघीय सरकारले जारी गरेको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) (पुरक कार्ययोजना, २०७७ समेत) को उद्देश्य ६ को बुँदा नं. ६.३.४ मा "**१० करोडभन्दा बढीका निक्षेप वा पुँजी भएका बचत तथा ऋणको कार्यगर्ने सहकारी संस्थाहरु**" लाई २०७८ साउन देखि goAML system मा रिपोर्टिङ्ग भएको हुने व्यवस्था रहेको जानकारी गराउँदछु। तसर्थ तहाँको नियमन/सुपरिवेक्षण क्षेत्रभित्र पर्ने १० करोडभन्दा बढीका निक्षेप वा पुँजी भएका बचत तथा ऋणको कार्यगर्ने सहकारी संस्थाहरुलाई goAML system को Test Environment तथा Production Environment मा यथासिघ्र रजिष्टर्ड गराई उपरोक्त सहकारी संस्थाहरुलाई Web/ XML मार्फत सिमा कारोबार प्रतिवेदन (Threshold Transaction Report-TTR), शंकास्पद कारोबार प्रतिवेदन (Suspicious Transaction Report –STR) र शंकास्पद गतिविधि प्रतिवेदन (Suspicious Activity Report –SAR) को रिपोर्टिङ गराउने कार्यमा आवश्यक सहयोग गरिदिनहुन अनुरोध गर्दछु।

यसअघि goAML system को Test Environment तथा Production Environment मा रजिष्टर्ड भई Message Board मार्फत प्रतिवेदन तथा विवरणहरु पेश गरिरहेका सहकारी संस्थाहरुले समेत Web/ XML मार्फत TTR, STR, SAR को रिपोर्टिङ गराउने कार्यमा आवश्यक सहयोग गरिदिनहुन समेत अनुरोध गर्दछु।

**goAML system को Test Environment मा रजिष्ट्रेशन/login गर्ने web ठेगाना***
https://goaml.fiu.nrb.org.np/TST/Home

**goAML system को Production Environment मा रजिष्ट्रेशन/login गर्ने web ठेगाना***:
https://goaml.fiu.nrb.org.np/PRD/Home

**goAML system मा रजिष्ट्रेशन गर्ने तरिका सम्बन्धी Video tutorial**:
goaml.fiu.nrb.org.np/FIUWeb/GoAml/GetRegister

*Register गर्दा Attach गर्नुपर्ने पत्रको नमुना यसै सूचनासँगै संलग्न गरिएको छ।

भवदीय,

(केशव प्रसाद रिमाल)
का.मु.निर्देशक

सम्पर्क व्यक्तिः श्री कमल पौडेल, FIU-Nepal (मोबाइल नं. 9856022221) ईमेलः kamal.paudel@nrb.org.np

बोधार्थः
१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, नयाँ बानेश्वर, काठमाण्डौं, नेपाल

## goAML System मा Register गर्दा Attach गर्नुपर्ने पत्रको नमुना

(संस्थाको आधिकारिक लेटरहेडमा प्रिन्ट गरी आधिकारिक हस्ताक्षर तथा छाप लगाउनुपर्नेछ)

श्री प्रमुख ज्यू,
वित्तीय जानकारी इकाई
वालुवाटार, काठमाडौं ।

**विषयः कार्यान्वयन अधिकारी (Compliance Officer) नियुक्त सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा *'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७त.(३)'* र सहकारी विभागबाट जारी भएको *'सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४'* को बुदाँ २४ बमोजिम निम्न कर्मचारीलाई कार्यान्वयन अधिकारी (Compliance Officer) को रुपमा नियुक्त गरिएको तथा निजलाई goAML मा रिपोर्टिङ गर्न र वित्तीय जानकारी इकाईसँग आवश्यक समन्वय गर्न समेत जिम्मेवारी तोकिएको व्यहोरा जानकारी गराउदछु ।

**कार्यान्वयन अधिकारीको विवरण**

| | |
|---|---|
| पुरा नाम (नेपालीमा) | |
| Full Name (in English) | |
| पद | |
| स्थायी ठेगाना | |
| हालको ठेगाना | |
| नागरिकता नं., जारी मिति तथा जिल्ला | |
| योग्यता | |
| सम्पर्क नं. | |
| मोबाइल नं. | |
| इमेल | |

............................

आधिकारिक हस्ताक्षर